# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०४, संख्या १४, मकवानपुर, माघ २८ गते, २०७७ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७

संवत् २०७७ सालको कार्यविधि नं. ५७

# राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७

**प्रस्तावनाः**

चालु आर्थिक वर्षका निमित्त सेवा र कार्यहरुका लागि खर्च गर्न गाउँ सभाले विनियोजन गरेको बजेट तथा स्वीकृत गरेको कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

राक्सिराङ्ग गाउँ कार्यपालिकाको मिति २०७७।१०।२८ गते बसेको ५७ औं बैठकले स्वीकृत गरी यो संशोधित कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "राक्सिराङ्ग गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रारम्भ भएपछि लागु हुनेछ ।

२. कार्यविधिको दफा ३ सँग सम्वन्धित अनुसूचि १ को बुँदा नं. २६ को **"असहाय तथा विपन्न विद्यार्थी निःशुल्क शिक्षा कार्यक्रम" अन्तर्गत** उपबुँदा नं. ३ को सट्टा देहायको उपबुँदा नं. ३ राखिएको छ ।

(३) असहाय तथा विपन्न विद्यार्थीहरुलाई विद्यालय अध्ययनको लागी आवश्यक पोशाक तथा स्टेशनरी खर्च गाउँ शिक्षा समितिको निर्णयानुसार उपलब्ध गराउने ।

**३.** कार्यविधिको दफा ३ सँग सम्वन्धित अनुसूचि १ को बुँदा नं. २६ को "**दलित उच्च शिक्षा प्रोत्साहन कार्यक्रम" अन्तर्गत** उपबुँदा नं. २ को सट्टा देहायको उपबुँदा नं. २ राखिएको छ ।

(२) १०+२ अध्ययनरत दलित विद्यार्थी र स्नातक तह अध्ययनरत दलित विद्यार्थीलाई गाउँ शिक्षा समितिको निर्णयानुसार प्रोत्साहन खर्च उपलब्ध गराइनेछ ।

**आज्ञाले**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु ५ मात्र ।**